# सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६

प्रदेश सरकारबाट स्वीकृत मितिः २०७६।१२।....

प्रस्तावनाः सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस (COVID–19) को प्रकोप नियन्त्रणका लागि पूर्व तयारी, रोगको पहिचान तथा नियन्त्रण एवम् कोरोना भाइरस प्रभावितहरूको प्रभावकारी उपचार प्रबन्धको लागि आवश्यक पर्ने खर्चको शीघ्र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश सुशासन ऐन, २०७५ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो निर्देशिका बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस निर्देशिकाको नाम "सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष (स्थापना तथा सञ्चालन) निर्देशिका, २०७६" रहेको छ। अंग्रेजीमा संक्षेपमा यसलाई "Corona Virus Control and Treatment" पनि भनिने छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आइसोलेशन" भन्नाले कोरोना भाइरसको शंकास्पद विरामी तथा कोरोनाको संक्रमण सुनिश्चित भएका विरामीवाट अन्य व्यक्तिमा संक्रमण नहोस भन्ने उद्देश्यले छुट्टै राखी उपचार गरिने व्यवस्थालाई सम्झनु पर्छ । साथै संक्रमित भएका विरामीलाई उपचार गर्न व्यवस्था गरिएको अस्पताल समेत सम्झनु पर्छ।

(ख) "क्वारेन्टाइन" भन्नाले संक्रमण हुन सक्ने आशंका भई निश्चित अवधिसम्म निगरानीमा छुट्टै राख्न बनाइएको आश्रयस्थल सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिमको कोष सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ६ बमोजिमको कोष परिचालन समिति सम्झनु पर्छ।

(ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, र उपमहानगरपालिका सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

३. <u>कोषको स्थापना</u>ः (१) सुदूरपश्चिम प्रदेशमा कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन गर्न "सुदूरपश्चिम प्रदेश कोरोना भाइरस (COVID–19) रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापन कोष, २०७६" स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :-

(क) प्रदेश सरकारबाट प्राप्त रकम,

सचिव

(ख) नेपाल सरकारबाट कोषलाई प्रदान भएको रकम,

(ग) स्थानीय तहबाट कोषलाई प्राप्त रकम,

(घ) दातृ मुलुक, दातृ संस्था, अन्तर्राष्ट्रिय वा विदेशी गैर सरकारी संस्थाबाट कोषको नाममा प्राप्त भएको रकम,

(ङ) प्रदेशका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री, प्रदेश सभाका सभामुख, उपसभामुख, प्रदेश सभाका सदस्य, जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख लगायतका अन्य पदाधिकारीहरु, स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष लगायत अन्य पदाधिकारीले स्वेच्छाले प्रदान गरेको रकम,

(च) प्रदेशमा स्थापना भएका आयोग/प्रतिष्ठान/प्राधिकरण आदिका पदाधिकारी, प्रदेशका कर्मचारी, गैर सरकारी संस्था वा त्यस्ता संस्थाका कर्मचारी, प्राध्यापक, शिक्षक, उद्यमी, व्यापारी, बिभिन्न पेशागत व्यक्तिहरू, राजनैतिक दल, ट्रेड युनियन, नागरिक समाज वा सर्वसाधारणले स्वेच्छाले प्रदान गरेको रकम,

(छ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (१) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नुपूर्व नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोरोना जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापनका लागि गरिने सबै कार्यहरुको खर्च यसै कोषबाट व्यहोर्ने गरी कोषमा रकम थपघट गरिनेछ । अन्य कुनै किसिमबाट रकम निकासा गरिने छैन।

४. <u>कोषको प्रयोग</u>: (१) कोषमा जम्मा भएको रकम देहायको कार्यको लागि खर्च गरिनेछ:-

(क) कोरोना भाइरसको पहिचान, परीक्षण, नियन्त्रण, रोकथाम, उपचार तथा अन्य आवश्यक पूर्वतयारी कार्यका लागि क्वारेन्टाइन तथा आइसोलेशन सेन्टर तथा अस्पताल स्थापना र सञ्चालनमा लाग्ने खर्चहरूको शीघ्र व्यवस्थापन गर्न,

(ख) प्रदेश सरकारले तोकेको क्वारेन्टाइन स्थलमा बस्ने संक्रमणको आशंका भएका व्यक्तिहरु साथै आईसोलेशनमा रहेका संक्रमितहरुको औषधि उपचार तथा खाना खर्चको व्यवस्थापन गर्न,

(ग) कोरोना भाइरसबाट प्रभावित व्यक्तिको सहज परीक्षण तथा उपचारको व्यवस्था गर्न,

(घ) कोरोना भाइरसको उपचारमा आवश्यक पर्ने मेडिकल सामग्री, चिकित्सा सुरक्षा सामग्री, औषधी, उपकरणका लागि लाग्ने खर्चहरूको प्रबन्ध गर्न,

(ङ) नेपाल सरकार तथा प्रदेश सरकारको निर्णयबमेजिम राहत वितरण सम्बन्धी कार्य गर्न,

(च) कोरोना भाइरसबाट दिवंगत भएका व्यक्तिहरुको शव व्यवस्थापन तथा परिवारलाई राहत खर्च प्रदान गर्न,

सचिव

(छ) कोष परिचालन समितिको निर्णय बमोजिमको अन्य कार्य गर्न, र

(ज) कोरोना भाइरसको नियन्त्रण तथा उपचार गर्न प्रदेश सरकारबाट निर्णय भए बमोजिमका अन्य खर्च गर्न।

(२) कोषको रकम प्रदेश सरकारबाट निर्णय भए बमोजिम वा समितिबाट स्वीकृत भएको कार्यमा मात्र खर्च गरिनेछ।

५. <u>कोषको रकम प्रयोग हुन नसक्ने</u>: दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैनः-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) नेपाल सरकार वा प्रदेश सरकारको विपन्न परिवार राहत सम्बन्धी निर्णय बाहेक कसैलाई चन्दा, पुरस्कार, उपहार, अनुदान तथा आर्थिक सहायता प्रदान गर्न,

(घ) अन्य कुनै पनि प्रकारको प्रशासनिक कार्यमा खर्च गर्न।

६. <u>कोष परिचालन समिति</u>: (१) कोष परिचालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक कोष परिचालन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -संयोजक |
| (ख) | मन्त्री, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव, सामाजिक विकास मन्त्रालय | -सदस्य |
| (च) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (छ) | आन्तरिक मामिला तथा कानून मन्त्रालयले तोकेको उपसचिव वा सो सरहको अधिकृत | -सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको स्थान, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ।

(४) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी वा विशेषज्ञ वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिमको समितिले दफा (३) बमोजिमको कोषमा रकम जम्मा गर्न आव्हान गर्न सक्नेछ।

सचिव

७. <u>कोषको व्यवस्थापन तथा सञ्चालन</u>: (१) कोषमा प्राप्त हुने रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, धनगढी शाखामा विविध समूहको एक खाता खोली सो खातामा जम्मा गरिनेछ।

(२) उपदफा (१) बमोजिमको खाता मन्त्रालयको सचिव वा दफा ६ को उपदफा (१) "छ" अनुसारको अधिकृत र आन्तरिक मामिला तथा कानून मन्त्रालयको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ ।

(३) दफा ६ बमोजिमको समितिको निर्णय बमोजिम मात्र कोषको रकम खर्च गर्नु पर्नेछ।

८. <u>लेखा तथा लेखापरीक्षण</u>: (१) कोषको आम्दानी खर्चको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

९. <u>कोषको रकम निकासा, खर्च र खर्च गर्ने निर्देशिका</u>: (१) कोषको रकम नेपाल सरकारका निकाय, प्रदेश सरकारका मन्त्रालय तथा निकाय र स्थानीय तहमार्फत खर्च गर्ने गरी समितिको निर्णयानुसार मन्त्रालयले निकासा गर्नेछ ।

(२) दफा ४ बमोजिमको प्रयोजनको लागि सम्बन्धित निकायले तालूक मन्त्रालय मार्फत सम्पूर्ण विवरणसहित समितिसमक्ष रकम माग गर्नु पर्नेछ ।

(३) दफा ४ बमोजिमको प्रयोजनका लागि सुरक्षा निकायहरुको हकमा आवश्यक पर्ने रकम आन्तरिक मामिला तथा कानून मन्त्रालय मार्फत र क्वारेन्टाइन, आइसोलेशन सेन्टर तथा अस्पताल स्थापना, मेडिकल सामग्री, चिकित्सा सुरक्षा सामग्री, औषधी, उपकरण, क्वारेन्टाइनमा बस्ने व्यक्तिहरुका साथै आईसोलेशनमा रहेका संक्रमितहरुको औषधि उपचार तथा खाना खर्चको हकमा सामाजिक विकास मन्त्रालय मार्फत् समिति समक्ष रकम माग गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम रकम माग भएमा कोरोना भाइरसको रोकथाम तथा उपचारको लागि लाग्ने खर्चको आवश्यकता, कोषमा उपलब्ध भएको रकम, खर्चको औचित्य र प्रचलित कानून समेतलाई दृष्टिगत गरी समितिले उचित ठहराए बमोजिम रकम उपलब्ध गराउने गरी निर्णय गर्नेछ ।

(५) माथि जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७६ चैत्र ११ गतेको निर्णयानुसार सामाजिक विकास मन्त्रालयलाई कोरोना भाइरस (COVID-19) रोकथामको लागि उपलब्ध गराइएको रकम र स्थानीय तहलाई उपलब्ध गराएको अनुदान रकम यसै कोषबाट खर्च भएको मानिनेछ ।

(६) यस कोषबाट खर्च व्यहोर्ने गरी गरिने सबै किसिमका खरिद कार्यहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा तोकिए बमोजिम गर्नुपर्ने छ ।

सचिव

(७) समितिले आवश्यक ठानी उपयुक्त निकाय वा संगठन मार्फत् कोरोना भाइरस रोकथाम, उपचार वा अन्य कुनै सहयोग उपलब्ध गराउन सक्नेछ ।

१०. सचिवालय सम्बन्धी व्यवस्थाः (१) समितिको सचिवालय आन्तरिक मामिला तथा कानून मन्त्रालयमा रहनेछ।

(२) समितिको निर्णय तथा कोषको खर्चको अभिलेख उपदफा (१) बमोजिमको सचिवालयमा राख्नु पर्नेछ।

११. कोष सञ्चालनको प्रशासनिक खर्चः कोष सञ्चालन गर्दा आवश्यक पर्ने प्रशासनिक खर्च मन्त्रालयको नियमित बजेटबाट खर्च गर्नु पर्नेछ । कोषको रकमबाट बैठक भत्ता उपलब्ध गराउन सकिने छैन।

१२. कोषको खारेजीः (१) यस निर्देशिकाको उद्देश्य बमोजिम कार्य समाप्त भएमा वा छुट्टै कोष राख्नुपर्ने औचित्य नभएमा समितिले आन्तरिक लेखापरीक्षण कार्य सम्पन्न गराई कोषमा बचत भएको रकमसहितको विवरण मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने छ र मन्त्रिपरिषद्को निर्णयानुसार कोषको अवस्था सार्वजनिक गरी मौज्दात रहन आएको रकम मुख्यमन्त्री विपद् व्यवस्थापन कोषमा जम्मा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम रकम जम्मा गरिसकेपछि यस निर्देशिका बमोजिमको कोष स्वतः खारेज हुनेछ।

(३) कोरोना भाइरस रोगको जोखिम नियन्त्रण, उपचार तथा व्यवस्थापनमा भएका सवै प्रकारका सहयोग, कार्यक्रम, यसको प्रभाव लगायतका विषयहरु समेटी मन्त्रालयले प्रतिवेदन तयार गर्नेछ ।

(४) उपदफा (२) बमोजिम कोष खारेज पश्चात उक्त कोषको अन्तिम लेखापरीक्षण तथा बेरुजु फरफारक गर्ने गराउने जिम्मेवारी मन्त्रालयको हुनेछ।

१३. निर्देशन दिन सक्नेः प्रदेश सरकार, कोरोना भाइरस रोग (COVID-19) नियन्त्रण तथा समन्वय निर्देशक समिति र प्रादेशिक संकट व्यवस्थापन केन्द्रले यस निर्देशिकाको कार्यान्वयनका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ।

१४. अनुगमन समिति : यस कोषबाट खर्च गरेको कार्यको अनुगमन गर्न समितिले अनुगमन समिति गठन गर्न सक्नेछ। प्रदेश सभाका सदस्यले आफ्नो निर्वाचन क्षेत्रको कार्यक्रमको अनुगमन गर्न सक्नेछन्।

१५. बाधा अड्काउ फुकाउः यस निर्देशिकाको कार्यान्वयनका सम्वन्धमा कुनै बाधा अड्काउ परेमा प्रचलित कानूनको अधीनमा रही बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ।

सचिव